राजधानी
आइतबार, १२ जेठ, २०५९

RAJDHANI
Sunday, 26 May, 2002

# मूर्तिकला प्रदर्शनीले 'नमुना घर' मा अर्को रौनक थप्यो

हीरालाल विश्वकर्मा/राजधानी
भक्तपुर, ११ जेठ

चारजना युवा मूर्तिकारहरूले भक्तपुर नगरपालिका-३ दत्तात्रयस्थित नगरपालिकाद्वारा घोषित 'नमुना घर' मा मूर्तिकला प्रदर्शनीको आयोजना गरेर आजकल भने आकर्षण थपेका छन्। उसो त पहिले कुखुराको खोरका रूपमा परिचित सो घरलाई परम्परागत रूपमै जीर्णोद्धार गरिएपछि नगरपालिकाले नगरभित्रको उत्कृष्ट घरको दर्जासहित 'नमुना घर' घोषणा गरेको थियो।

भक्तपुर जिल्लाका रबीन्द्र पुरी, राधेश्याम शिल्पकार र इन्द्रकाजी शिल्पकार तथा ललितपुर जिल्लाकी सूर्ज बज्राचार्यद्वारा निर्मित धार्मीक प्रकृतिका काठ, ढुंगा, तामा र ढलौटका ती मूर्तिहरूको प्रदर्शनी अवलोकनार्थ आउने स्वदेशी तथा बिदेशीहरू मूर्तिका अतिरिक्त नमुना घरको तारिफ पनि उत्तिकै गर्दै आइरहेका छन्।

सात जेठदेखि २० गतेसम्म सञ्चालनमा रहने सो दुईहप्ते मूर्तिकला प्रदर्शनी बिहान ११ बजेदेखि साँझ ६ बजेसम्मका सर्बसाधारणका लागि खुला गरिएको बताउँदै आयोजकमध्येका रबीन्द्र पुरीले भने– 'हामीले प्रतिव्यक्ति १० रुपैयाँ मात्र प्रवेश शुल्क राखेका छौं, यसबाट संकलित हुने रकमको २० प्रतिशत काभ्रेको फूलबारीस्थित मधुरापाटी माबीलाई सहयोग प्रदान गर्नेछौं।'

'यसभन्दा अगाडि हामी चारैजनाले सन् १९९६ सेप्टेम्बरमा नेपाल-जर्मन सप्ताहका अवसरमा एकसाथ करिब दुई महिनासम्म संयुक्त रूपमा मूर्तिकला प्रदर्शनीको आयोजना गरेका थियौं,' रबीन्द्र भन्छन्–'आस्थाहरूको मिलन नामक प्रदर्शनी सफल रह्यो, हामीले एक-अर्कासँग भएका सीप आदानप्रदान गर्ने अवसर पायौं र त्यहाँबाट धेरै सीप सिक्यौं।'

विश्वभरि हिंसा, आतंक फैलिएको वर्तमान अवस्थामा आयोजित सो धार्मिक प्रकृतिको प्रदर्शनीले विश्वभर शान्तिको



सन्देश फैलाउन सक्ने आशा व्यक्त गरिएको छ। ३० बटा विभिन्न मूर्तिद्वारा सजिएको सो प्रदर्शनीमा रबीन्द्र पुरीको तामाको मैत्रीय बुद्धको मूर्ति, ढलौटको हिन्दु पुजारीको मूर्ति, तामाकै नाट्येश्वर महादेवको मूर्ति र ढलौटको बौद्ध भिक्षुको मूर्ति रहेका छन्।

यसैगरी ललितपुरकी सूर्ज बज्राचार्यको ढुंगाद्वारा निर्मित पार्बती, बुद्ध जिबनी, बुद्धको भोकै रहेको अवस्था, बुद्धकै भूमिस्पर्श मुद्रा, चारमुखे शिवलिङ्ग, सिद्धार्थको जन्मावस्था, सुतिरहेका बुद्ध अवस्था तथा बुद्धको टाउकाको मात्र विभिन्न मूर्तिहरूले प्रदर्शनीको रौनक थपेको आभास दर्शनार्थीहरूको रहेको छ।

हालसम्म काठमाडौं, ललितपुर र भक्तपुर तथा बिदेशका गरी करिब दुई हजार दर्शनार्थीहरूद्वारा अवलोकन भएको प्रदर्शनीका दर्शनार्थीहरूले मूर्तिकारको कलाकौशल उत्कृष्ट रहेको बताउँदै यसलाई उचित संरक्षण गर्नुपर्ने धारणासहित प्रदर्शनीको सफलताको कामना व्यक्त गरेका छन्।

कति दर्शकले त मूर्तिका बारेमा ज्ञान हासिल गर्ने र पछि यसलाई आफ्नो पेसाका रूपमा अंगिकार गर्न आयोजकहरूसँग अनुरोधसमेत गरेको बताउँदै ललितपुरकी सूर्ज बज्राचार्यले भनिन्– 'अहिलेलाई हामीले मूर्तिको मूल्य तोकेका छैनौं। तर, ३१ जेठदेखि २४ भदौसम्म जर्मनीमा प्रदर्शनी गर्दा मूल्य तोक्ने मनसाय बनाएका छौं।'

'करिब सामान्यतया ३० हजारदेखि १ लाख रुपैयाँसम्म मूल्य तोकिने बिचारमा हामीले गृहकार्य गरिरहेका छौं,' सूर्ज भन्छिन्- 'नेपाली मूर्तिहरूमा हिन्दु धर्म र बुद्ध धर्मको संगम नामाकरणमार्फत गरिने सो पदर्शनीमार्फत नेपाल तथा सम्पूर्ण विश्वमा शान्तिको लागि आशाको किरण जगाउने हाम्रो चाहना रहेको छ।'

प्रदर्शनीमा राधेश्याम शिल्पकारका काठद्वारा निर्मित गणेश, बसुन्धरा, सरस्वती, दुर्गा, आर्यतारा, भैरब, शाक्यमूनी बुद्ध, फ्रेमवाला भूमिस्पर्श मुद्राको बुद्ध र महिशासुर मर्दिनीका मूर्तिहरू छन भने इन्द्रकाजी शिल्पकारका काठद्वारा निर्मित मञ्जुश्री, नर्तकी, दुईवटा ढुँढाल, प्रज्ञा पारमिता, लक्ष्मी र नटराजका मूर्तिहरू सजाइएका छन।